प.लि.नं. १२७४-६७६८

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७३/७४ – 99
चलानी नं. : 306

## प्रेस विज्ञप्ति

आज मिति २०७३/०९/२४ गते सिडिएस एण्ड क्लियरिङ्ग लि. (सिडिएससि) को आ.व. २०७२/७३ को छैठौं वार्षिक साधारण सभा सम्पन्न भयो । कम्पनी ऐन, २०६३ को दफा ७४ अनुसार साधारण सभाको अध्यक्षता संचालक समितिका अध्यक्ष श्री सीताराम थपलियाज्यूले गर्नु भएको थियो । सभामा लेखा परीक्षकले प्रमाणित गरेको आर्थिक प्रतिवेदन तथा प्रस्तावित विषयबस्तु माथि विस्तृत छलफल भई सो को पारित गरिएको छ ।

सभामा प्रगति विवरण पेश हुँदा धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ मा भएको व्यवस्थानुसार धितोपत्रको अभौतिकीकरणका लागि दर्ता गरेका कम्पनीहरुको संख्या आर्थिक वर्ष २०७१/७२ मा ९७ वटा र आर्थिक वर्ष २०७२/७३ मा ९२ वटा गरी समीक्षा अवधिसम्म कूल दर्ता कम्पनीहरुको संख्या २१३ पुगेको छ । आ.व. २०७१/७२ मा ३४ वटा कम्पनीहरुलाई निक्षेप सदस्यता प्रदान गरिएको थियो भने आ.व. २०७२/७३ मा थप १३ वटा कम्पनीहरुलाई निक्षेप सदस्यता प्रदान गरिएको छ र समीक्षा अवधिसम्म कूल निक्षेप सदस्यहरुको संख्या ६० पुगेको छ । निक्षेप सदस्यहरुको संजाल मुलुकभरका कूल ६० वटा जिल्लाहरुमा विस्तार गरी केन्द्रीय निक्षेप सेवा प्रदान गरिदैं आएको छ । त्यसै गरी धितोपत्र अभौतिकीकरण गरी कारोबार गर्नका लागि आ.व. २०७१/७२ मा ४० हजार ४ सय वटा हितग्राही खाता खोलिएका थिए भने सो संख्या आ.व. २०७२/७३ मा ७६९.८६ प्रतिशतले वृद्धि भई कूल ३ लाख ५१ हजार ४ सय २५ वटा हितग्राही खाता खोलिएका छन् ।

आ.व. २०७१/७२ मा २२ करोड ४ लाख ५२ हजार ९ सय १५ कित्ता धितोपत्र अभौतिकीकरण भएका थिए भने आ.व. २०७२/७३ मा ९० करोड ७७ लाख ६६ हजार २ सय ७३ कित्ता धितोपत्र अभौतिकरण भएका छन् । यो संख्या गत आ.व. को तुलनामा ३९४२.९८ प्रतिशतले बृद्धि भएको छ ।

कम्पनीले आ.व.२०७१/७२ मा रु.७ करोड ८९ लाख ४२ हजार ३७ रुपैयाँ आम्दानी गरेकोमा आ.व.२०७२/७३ मा रु.११ करोड ८९ लाख ५९ हजार ३९ रुपैयाँ आम्दानी गर्न सफल भएको छ । यस आ.व. को आम्दानी गत आर्थिक वर्षको तुलनामा ५०.६९ प्रतिशतले बृद्धि भएको छ । त्यसैगरी खर्च तर्फ आ.व.२०७१/७२ मा रु. ६ करोड २१ लाख ७९ हजार ६ सय ५४ रुपैयाँ खर्च भएकोमा यस आ.व. २०७२/७३ मा रु. ६ करोड ४९ लाख ७५ हजार २ सय ७५ रुपैयाँ खर्च भएको छ । यस आ.व. को खर्च गत आ.व.२०७१/७२ भन्दा ४.३० प्रतिशतले बृद्धि भएको छ ।

आ.व.२०७१/७२ सम्ममा संचित नोक्सान रु.९ करोड ४ लाख २१ हजार ३ सय ५ रुपैयाँ रहेकोमा आ.व.२०७२/७३ मा खुद नाफा रु.४ करोड ९९ लाख ८४ हजार ९ सय ६७ रुपैयाँ समायोजन गर्दा संचित नोक्सान (स्थगन आयकर आम्दानी समायोजन बाहेक) रु.४ करोड ४ लाख ३६ हजार ३ सय ३८ रुपैयाँ हुन पुगेको छ ।

मिति : २०७३/०९/२४

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल ।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-1-4238008/4216068/4240150, Fax: +977-1-4240357
Email: info@cdscnp.com, Website: www.cdscnp.com